म.जि.प्र.का दर्ता न: १०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ७१ २०८० माघ १५ गते सोमबार 29 January 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

**जग्गा भाडामा चाहियो ?**



हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर: ९८४९४५४६८३**

### जनताका कुरा सुन्न वडा-टोल छिर्दै काँग्रेस

# नेताको आसनग्रहण र भाषण नहुने



*आइतबार काँग्रेस मकवानपुरको विस्तारिक बैठकमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौँडा: सत्तारुढ दल नेपाली काँग्रेसले "समुदायमा काँग्रेस" अभियान लिएर जनताको कुरा सुन्न वडा र टोलसम्म जाँदैछ । जनतामा चरम निराशाको स्थिति देखिएका बेला काँग्रेसले जनताको कुरा सुन्न जाने अभियानको घोषणा गरेको हो । केन्द्रको अभियान लिएर जनतामाझ जान काँग्रेस मकवानपुरले आइतबार विस्तारित बैठकको आयोजना गरेर नेता, कार्यकर्तालाई जिम्मेवारी तोकेको छ । "समुदायमा काँग्रेस" अभियानमा नेताको आसनग्रहण र भाषण नहुने काँग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जानकारी दिनुभयो ।

"समुदायमा काँग्रेस अभियान लिएर वडा र टोलसम्म जाने पार्टीको निर्णयअनुसार आज (आइतबार) पार्टी जिल्ला समितिको विस्तारित बैठक बसेर वडामा जाने प्रतिनिधि तोकिएको छ", समृद्ध समाजसँग कुरा गर्नुहुँदै सभापति लामाले भन्नुभयो, "यो अभियानको क्रममा सञ्चालन गरिने कार्यक्रममा नेताको आसनग्रहण र भाषण हुन्न । पार्टीप्रति जनताको धारणा, सरकारको काम, जनताको अपेक्षा, सल्लाह, सुझाव लिनेछौं । अभियानको तयारीस्वरुप पार्टीको जिल्ला समितिको बैठकमा पनि हामीले आसनग्रहण गराएनौं ।" वडा र टोल तहसम्म पुगेर जनतासँग खुला बहस गर्ने उहाँको भनाइ थियो ।

समुदायमा काँग्रेस अभियानमा विभिन्न क्षेत्रका व्यक्तिसँग, लक्षित समूहसँग छलफल हुने लामाले बताउनुभयो । काँग्रेस मकवानपुरका सचिव भीमसेन महतले जनताका भनाइ, सल्लाह, सुझाव र अपेक्षालाई पार्टीको केन्द्रीय समितिमा पठाइने बताउनुभएको छ । अभियानका क्रममा जनतासँग अनौपचारिकरुपमा छलफल गर्ने जानकारी दिनुहुँदै सचिव महतले भन्नुभयो, "राजनीतिप्रति जनताको धारणा, जनताका पछिल्लो भोगाई बुझेर लिपिवद्ध गर्छौं ।" भोलि मंगलबार सहीद दिवसको अवसर पारेर सुरु हुने अभियान माघ २६ गते सुशील कोइरालाको स्मृति दिवसका दिन समापन गरिने सभापति लामाले जानकारी दिनुभएको छ । अभियानका लागि केन्द्रीय प्रतिनिधिको रुपमा राजन केसी आज सोमबार मकवानपुर आइपुग्नुहुने सभापति लामाले बताउनुभयो । यस्तै नेपाली काँग्रेसका नेता प्रकाशमान सिंहलाई मकवानपुर जिल्लामा खटाएको छ ।

आइतबारको जिल्लास्तरीय विस्तारित बैठकमा सहभागी नेपाली काँग्रेसका एक जिल्ला नेताले केन्द्रदेखि प्रदेश र स्थानीय सरकारसम्म रहेकाहरुले पार्टीले अंगीकार गरेको नीति पालना नगरि रहेको सन्दर्भमा जनतामाझ जाँदै गर्दा नकारात्मक टिप्पणीको सामना गर्नुपर्ने जोखिम रहेको बताउनुभयो । पार्टीको तल्लो तहका नेता, कार्यकर्ताको मनोवल गिरेका बेला समुदायमा जाने कुरा औपचारिकता मात्रै हो कि भन्ने पनि आशंका रहेको उहाँले चिन्ता व्यक्त गर्नुभयो । पार्टीको तर्फबाट मकवानपुर जिल्लाका १० स्थानीय तहमा निर्वाचित प्रतिनिधिले गरेका काम र जनताको प्रतिक्रियामा पार्टीले नियमित समीक्षा र जनप्रतिनिधिलाई सचेत गराउन ध्यान नदिएको उहाँको गुनासो छ ।

# राष्ट्रपति रनिङ शिल्डको उपाधि हेटौंडाले जित्यो



समाज संवाददाता

हेटौंडा: १४ औँ संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाले जितेको छ । आइतबार सम्पन्न भएको प्रतियोगितामा २० वटा स्वर्ण, ७ वटा रजत र १९ वटा कास्य पदक प्राप्त गर्दै हेटौंडा उपमहानगर पालिकाले उपाधि जितेको हो ।

मकवानपुरको बकैया गाउँपालिकाले १२ वटा स्वर्ण, १० रजत र ८ वटा कास्य पदक प्राप्त गर्दै द्वितीय भएको छ भने तृतीय हुने थाहा नगरपालिकाले ७ वटा स्वर्ण, ८ वटा रजत र १३ वटा कास्य पदक प्राप्त गरेको छ । प्रतियोगितामा १० वटै पालिकाबाट करिब ७ सय जना खेलाडीहरुको सहभागिता रहेको थियो ।

प्रतियोगिताअन्तर्गत् प्रत्येक खेलमा प्रथम हुने खेलाडीलाई जिल्ला खेलकुद विकास समितिको नेतृत्वमा २ साता बन्द प्रशिक्षणमा राखेर प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराउने जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले जानकारी दिनुभएको छ । खेलाडीहरुले पहिलाभन्दा राम्रो नतिजा प्राप्त गराउने उद्देश्यले बन्द प्रशिक्षणको समय बढाउन लागेको कार्यालय प्रमुख कोइरालाले बताउनुभयो । यसअघि जिल्लाबाट छनोट भएका खेलाडीहरुलाई १ सातामात्र बन्द राखिएको थियो ।

प्रतियोगिताअन्तर्गत् पुरुषतर्फको भलिबलको उपाधि थाहा नगरपालिकाले जितेको छ । आइतबार हेटौंडा-४, हुप्रचौर स्थित भलिबल कोर्टमा सम्पन्न भएको फाइनल खेलमा हेटौंडा उपमहानगर पालिकालाई ३-१ को सेटले पराजित गर्दै थाहा नगरपालिकाले उपाधि जितेको हो । आइतबार नै सम्पन्न भएको सेमिफाइनल खेलमा थाहा नगरपालिकाले भीमफेदी गाउँपालिकालाई २-० को सोझो सेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो भने हेटौंडा उपमहानगरपालिकाले मनहरी गाउँपालिकालाई २-० को सोझो सेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी थाहा नगरपालिकाबाट पुजन गुरुङ घोषित भएका छन् ।

आइबतार नै भएको महिलातर्फको भलिबलको उपाधि भीमफेदी गाउँपालिकाले जितेको छ । हेटौंडा उपमहानगर पालिकालाई ३-२ को सेटले पराजित गर्दै भीमफेदी गाउँपालिकाले उपाधि जितेको हो । आइतबार नै सम्पन्न भएको सेमीफाइनल खेलमा बागमती गाउँपालिकालाई

....बाँकी पृष्ठ ३ मा

# निजी विद्यालयमा एसईई अभ्यास परीक्षा सुरु



*हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा एसईई अभ्यास परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडा: मकवानपुर जिल्लाका निजी विद्यालयहरुमा एसईई अभ्यास परीक्षा आइतबारबाट सुरु भएको छ । पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको छ । जिल्लाका ३८ वटा निजी विद्यालयका एक हजार दुइ सय ४२ विद्यार्थी परीक्षामा सहभागी छन् । परीक्षा फारम भरेका मध्ये ७ जना विद्यार्थी अनुपस्थित रहेको प्याव्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याव्सन) ले देशभर एकसाथ अभ्यास परीक्षा सञ्चालन गरेको प्याव्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभएको छ । विद्यार्थीको अवस्था मूल्यांकन गर्न र परीक्षाको भयलाई कम गर्न पनि अभ्यास परीक्षा गरिएको प्याव्सन मकवानपुरका अध्यक्ष सुवेदीको भनाइ छ । प्याव्सनले फरक विद्यालयमा परीक्षा केन्द्र तोकेर विद्यार्थीका लागि अभ्यास परीक्षा सञ्चालन गरिएको उल्लेख गर्नुहुँदै अध्यक्ष सुवेदीले भन्नुभयो, "अभ्यास परीक्षाको नतीजा माघ महिनाको अन्त्यसम्ममा सार्वजनिक गरेर एसईईका लागि विद्यार्थीलाई अझ सक्षम तुल्याउन आवश्यक तयारी गर्ने अवसर विद्यार्थी, विद्यालय र अभिभावकलाई रहनेछ ।"

मकवानपुर जिल्लामा ८ वटा परीक्षा केन्द्र निर्धारण गरेर परीक्षा सुरु गरिएको छ । हेटौँडा उपमहानगरपालिकामा ५ वटा, थाहा नगरपालिकामा दुइ वटा र मनहरी गाउँपालिकामा एउटा परीक्षा केन्द्र निर्धारण गरिएको छ । हेटौँडामा हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-५ स्थित सिद्धार्थ शिशु सदन, हेटौँडा-७ स्थित तासिर इंग्लिस स्कूल, हेटौँडा-१० स्थित तुल्सीमेहर मेमोरियल स्कूल र सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी रहेको छ । थाहा नगरपालिकामा पालुङ बहुमुखी क्याम्पस र बज्रबाराही माविमा परीक्षा केन्द्र निर्धारण गरिएको छ भने मनहरी गाउँपालिकामा राष्ट्रिय माविमा परीक्षा केन्द्र निर्धारण गरिएको प्याव्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभयो । बिहान ७ बजेबाट परीक्षा सुरु हुने तालिका बनाइएको छ । राष्ट्रिय परीक्षा बोर्डले चैत १५ गतेदेखि एसईईको तालिका सार्वजनिक गरेको छ ।

हार्दिक बधाई



विज्ञान रिमाल अजित थापा रोशन खनाल

**पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ बागमती प्रदेश समिति**को शनिबार धादिङमा सम्पन्न तेस्रो अधिवेशनबाट पुस्तक तथा स्टेशनरी व्यवसायी संघ मकवानपुरका पूर्वअध्यक्षद्वय विज्ञान रिमाल र अजित थापा क्रमशः कार्यसमिति सदस्य र लेखासमिति संयोजक तथा पुस्तक तथा स्टेशनरी व्यवसायी संघ मकवानपुरको कार्यसमिति सदस्य रोशन खनाल लेखासमिति सदस्य पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**पुष्कल नेपाल, अध्यक्ष**

**एवम् पुस्तक तथा स्टेशनरी व्यवसायी संघ मकवानपुर परिवार**

**हेटौँडा, मकवानपुर**

# सम्पादकीय

## श्रमिकको सामाजिक सुरक्षा

कामदार, कर्मचारीले काम गरुन्जेल नियमिति तलब तथा ज्याला प्राप्त गर्ने भए पनि काम गर्न छाडेपछि के हुन्छ भन्ने चिन्ता उनीहरुलाई हुन्छ । आफ्नो जीविकोपार्जनको सुरक्षाको अभावमा कामदार, कर्मचारी कामप्रति विश्वस्त हुन सक्दैनन् । राज्यले निश्चित मापदण्डका आधारमा कर्मचारीलाई निवृत्तिभरण (पेन्सन)को व्यवस्था गर्ने गरेको भए पनि निजी क्षेत्र तथा अनौपचारिक क्षेत्रका कामदार, कर्मचारीले त्यस्तो सुविधा पाउँदैनन् । सबै प्रकारका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरुको आर्थिक तथा सामाजिक जोखिम न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हकलाई सुनिश्चित गर्ने उद्देश्यले सरकारले सामाजिक सुरक्षा कोष स्थापना गरी सञ्चालन गरिरहेको छ । २०६७ सालमा जारी भएको सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावलीबमोजिम कोषको स्थापना भएको हो । सुरुवातमा सरकारले संकलन गर्ने सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै आएको कोषले २०७४ सालमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भएपछि सोही ऐनबमोजिमका कार्य गर्दै आएको छ ।

श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्नु कोषका उद्देश्य हो । औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउनुका कोषले हाल औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजना सञ्चालन गरिरहेको छ । हालसम्म कोषमा १८ हजारभन्दा बढी रोजगारदाता र करिब ११ लाख योगदानकर्ता (श्रमिक) सूचीकृत भएका छन् । योगदानकर्ताबाट कोषले ४८ अरब ५३ करोड रुपैयाँ संकलन गरी ७ अरब ३१ करोड रुपैयाँ दावी भुक्तानी गरेको छ । कोषले औपचारिक क्षेत्रका निजी संगठित संस्थामा कार्यरत श्रमिक, वैदेशिक रोजगारमा रहेका श्रमिक, स्वदेश तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्ति र अनौपचारिक क्षेत्रमा रहेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराइरहेको छ । पछिल्लो समय कोषले स्थानीय तहसँगको सहकार्यमा अनौपचारिक क्षेत्रमा रहेका श्रमिकलाई कोषमा आवद्ध गराउने कार्यक्रम अघि बढाएको छ ।

मकवानपुरको भीमफेदी गाउँपालिकाले शनिबारमात्रै अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको छ । संविधानले ग्योरेन्टी गरेको र मौलिक हकभित्र उल्लेख सामाजिक सुरक्षाको अधिकारलाई सार्थक बनाउन यो कार्य महत्वपूर्ण हुने आशा गर्न सकिन्छ । न्यून ज्यालामा काम गर्दै आएका अनौपचारिक क्षेत्रका श्रमिकलाई कम्तिमा भविष्यको अनिश्चितताबाट केही हदसम्म भए पनि सुरक्षा प्रदान गर्न यो कार्यक्रम सार्थक बन्नसक्छ । गाउँपालिकाले पहिलो चरणमा कृषि, निर्माण र यातायात क्षेत्रमा कार्यरत ९८ जना श्रमिकलाई कोषमा सहभागी गराएको छ । अनौपचारिक क्षेत्रको श्रमिकको महंगी भत्ताबाहेक मासिक न्यूनतम ज्याला १० हजार ८ सय २० रुपैयाँ तोकिएकाले कोषमा सोही ज्याला रकमको आधारमा आवद्ध भएका श्रमिकले ११ प्रतिशत रकम जम्मा गरेपछि र गाउँपालिकाले ९.३७ प्रतिशत रकम थप गरिदिनेछ । जसअनुसार कोषमा आवद्ध श्रमिकले १ हजार १९० रुपैयाँ र भीमफेदी गाउँपालिकाले १ हजार १४ रुपैयाँ गरी २ हजार २०४ रुपैयाँ सामाजिक सुरक्षा कोषमा जम्मा हुनेछ ।

भीमफेदी गाउँपालिकाले सुरुवात गरेको यो कार्यलाई अन्य पालिकाले पनि अनुकरण गर्नु आवश्यक छ । कोषमा आवद्ध श्रमिकले एक लाख बराबरको उपचार खर्च, ७ लाख रुपैयाँको बिमा, महिला श्रमिक सुत्केरी भएमा ९८ दिन बराबरको पारिश्रमिक र शिशु स्याहारका लागि २५ हजार रुपैयाँ प्राप्त गर्दछन् । सामाजिक सुरक्षा कोषमा आवद्ध भएका श्रमिक आर्थिक र सामाजिकरुपमा सुरक्षित हुने भएकाले कोषले पनि अनौपचारिक क्षेत्रका श्रमिकलाई आवद्ध गराउन स्थानीय तहसँग सम्झौता गर्न थालेको छ । हालसम्म कोषले ४३ वटा पालिकासँग सम्झौता गरिसकेको र मकवानपुरको भीमफेदी गाउँपालिकाले श्रमिकलाई आवद्ध नै गराउन थालेको हो । जनताको घरदैलोको सरकार भन्ने गरिएको स्थानीय सरकारले आफ्ना क्षेत्रको न्यून आय भएका श्रमिकको हितको लागि यस्ता कार्यक्रम प्रभावकारी हुनसक्छ । पालिकाहरुले बढीभन्दा बढी श्रमिकलाई कोषमा आवद्ध गराउन आवश्यक सहजीकरणसमेत गर्नु उचित हुनेछ । सुरुवातमा श्रमिकलाई कोषमा आवद्ध गराउन पालिकाले केही योगदान गरे पनि भविष्यमा श्रमिकबाटै कोषमा पूर्ण योगदान हुने गरी प्रभावकारी नीति बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : घरपरिवारका कामहरुमा समय व्यतित होला ।
**वृष** : सामाजिक र परोपकारी काममा सरिक भइने छ ।
**मिथुन** : आर्थिक समृद्धि बढाउने काममा सरिक ।
**कर्कट** : आत्मबलले प्रतिष्ठा र सम्मान प्राप्त होला ।
**सिंह** : हरेक काममा बाधा र चुनौति झेल्नुपर्ला ।
**कन्या** : प्रयासबाट आय– आम्दानीमा वृद्धि हुनेछ ।
**तुला** : अवसरबाट लाभ प्राप्त हुने समय योग छ ।
**वृश्चिक** : धार्मिक एवं सामाजिक काममा खट्नु पर्ने समय छ ।
**धनु** : बाधा– व्यवधानबाट बच्नु बचाउँनु पर्ने योग छ ।
**मकर** : परोपकारजन्य काम र सामाजिक काममा समय बित्ला ।
**कुम्भ** : सामाजिक र परोपकारी काममा सरिक भइने छ ।
**मीन** : हाँके ताकेका कामहरु सबल हुने योग रहेको छ ।

# कर र भन्सारका कुरा

**देशमा उत्पादन लागत दिनपरदिन बढ्नुमा सरकारले लिने कर, भन्सार मुख्य हुन् । सुशासनको अभावमा भ्रष्टाचारको सूचीमा देश अन्तर्राष्ट्रिय हिसाबले नै १ सय १० औँ स्थानमा रहेकाले यहाँको उत्पादन लागत बढ्नुमा भ्रष्टाचार पनि एक कडी हो भन्दा फरक पर्दैन । यहाँ आम्दानीको ३० प्रतिशत रकमसम्म भ्रष्टाचार मा जाने गरेको बुझिन्छ । यस्तो परिवेशमा कालोधन पनि सेतो हुने सम्भावना अधिक रहन्छ । भर्खरै डेढ लाख सवारी लाइसेन्सको छानबिन सुरु भन्ने खबर बाहिर आएको छ ।**



✍ अच्युत प्रसाद पौडेल "चिन्तन"




भनिन्छ, भन्सार नाकाहरूमा सुनका रुख हुन्छन्, रुख चढेर सुन टिप्न पाइन्छ, त्यसैले सार्वजनिक प्रशासनमा संलग्न जनशक्ति बढी त्यतै जान खोज्छन् । पहिले लोकसेवा पास गरेका उम्दा कर्मचारीहरू अर्थ, उद्योग, वाणिज्यतिर पोस्टिङ हुन्थे । यसका लागि रस्साकस्सी पनि चल्थ्यो । सोर्सफोर्स लाग्नेमा गृह प्रशासन पनि हुन्थ्यो । अहिले पनि प्रायशः सरकारी कर्मचारी सकेसम्म अर्थ, गृह नै ताक्छन्, अरू केही नपाए पनि देशको मुटु छाम्न सकिन्छ भनेर । पर्यटन पछिमात्रै आएको हो । जब देशमा प्रजातन्त्र आयो, ०४६ पछि राजस्व समूहलाई विशिष्टीकृत गरियो । त्यस सेवाभित्र अरू छिर्न नसक्ने भए र जति जे बदमासी गरे पनि त्यसैअन्तर्गत घुमिरहने अवसर पाए कर्मचारीहरूले । पछिल्ला दिनहरूमा एयर पोर्टका गतिविधिहरूदेखि सुन ओसापसार सम्मका विषय छचल्किएर बाहिर आएकै छन् ।

राज्य सञ्चालनका लागि राजस्व संकलन आवश्यक हुन्छ । कर भनौं कर राजस्व, गैरकर राजस्व, भन्सार, अन्तःशुल्क यावत् शीर्षकहरूबाट सरकारले राजस्व उठाउँछ । सरकारले उठाउने गरिएको र ाजस्व स्वस्फूर्त हुनुपर्ने हो । नागरिकले सेवा लिएबापत कर तिर्छन्, नागरिकको क्षमतालाई पनि आकलन गरिनुपर्ने हो । हाम्रो देशमा घाँटी निचोरेरै राजस्व संकलन गर्ने गरिएको छ र करको सदुपयोगभन्दा दुरुपयोग बढी छ । नेताजीहरूका सर सुविधा, सुरक्षा र देशले धान्न नसक्ने प्रशासनिक संरचनाहरूमा राजस्व खर्चिएको अवस्था छ । बजार मूल्य असहज अवस्थाको छ र थरीथरीका शुल्क, महसुल, करका कारण र बिल भर्पाइ नआउने काममा पनि धेरै खर्च गर्नुपरेकाले लगानीकर्ताहरू पनि लगानीका लागि सहज मानिररहेको अवस्था छैन ।

जनसम्पर्क हुने स्थानहरू नागरिकता, पासपोर्ट, भिसा, सवारी चालक प्रमाणपत्र, रोजगारी स्वीकृति, भूमि प्रशासनका कार्यहरू भनौं कर भन्सार तिर्नुपर्ने क्षेत्रहरूमा अतिरिक्त खर्च लाग्छ भन्ने आम जनगुनासो नै छ । हामीकहाँ बाह्य लगानीको परिवेश त्यति सहज छैन, बाह्य लगानी असहज भएका देशहरूमा आन्तरिक लगानीको वातावरण पनि हुन्न । त्यसैले हाम्रा उद्यमीहरू पर्खौं र हेरौं, सकेसम्म तुरुन्तै फाइदा हुने व्यापार क्षेत्रमा लागौं र छिटो धनी होऊँ भन्ने मनसायमा देखिएका छन् । उद्यमशीलतामा लगानी कम हुनु र आयातित सामानले भन्सारको आयतन वृद्धि देखिनु त्यसको गतिलो उदाहरण हो ।

सरकारलाई पैसा चाहिएको छ, त्यसैले हरसाल बजेटमार्फत कर, भन्सारका दर हेरफेर गरेर उसले रकम असुल्छ । सबैभन्दा बढी आयात हुने डिजेल, पेट्रोलियम पदार्थका अन्य विषयहरूमा भन्सार दर र त्यसमा नानाथरी कर लगाएर सरकारले मनग्य राजस्व संकलन गरेकाले सोको पुष्टि गर्छ । लगानीमार्फत उत्पादन बढाएर त्यसबाट प्राप्त कर एवं अन्तःशुल्कबाट र कम जोहो गर्नुपर्नेमा हाम्रो नेतृत्वले विगत लामो समयदेखि गाडीको उल्टो गेयर चलाएको छ र देश ठूलो व्यापारघाटा र ऋणमा परेको छ । हरेक हप्तामा ऋणको सम्झौता भएकै हुन्छ । लोकतन्त्र, संघीयता, गणतन्त्र आएपछि त मान्छे निर्यात गरेर धनार्जन गर्न सकिने स्पष्ट भएको कुरा मनग्य प्राप्त विप्रेषणले पुष्टि गरेको छ र सरकारी ढुकुटीको साँचो लिने राष्ट्र बैंकले भनेको छ– विदेशी मुद्रा टन्नै सञ्चिति छ, कुनै तनाव छैन ।

देशमा उत्पादन लागत दिनपरदिन बढ्नुमा सरकारले लिने कर, भन्सार मुख्य हुन् । सुशासनको अभावमा भ्रष्टाचारको सूचीमा देश अन्तर्राष्ट्रिय हिसाबले नै १ सय १० औं स्थानमा रहेकाले यहाँको उत्पादन लागत बढ्नुमा भ्रष्टाचार पनि एक कडी हो भन्दा फरक पर्दैन । यहाँ आम्दानीको ३० प्रतिशत रकमसम्म भ्रष्टाचारमा जाने गरेको बुझिन्छ । यस्तो परिवेशमा कालोधन पनि सेतो हुने सम्भावना अधिक रहन्छ । भर्खरै डेढ लाख सवारी लाइसेन्सको छानबिन सुरु भन्ने खबर बाहिर आएको छ । यस्तै काम ओल्टाइपल्टाइ गरिरहने, देशको निकास र विकास कहिले र कसले गर्ने हो ? सरकारी काम यस्तै हुने हो र ? हाम्रो भूगोल आफैंमा जटिल छ, उत्पादित सामानको बिक्री-वितरणका लागि सामान्यतया यातायात खर्च यसको १० प्रतिशत हो, तर हामीकहाँ त्यतिले पुग्दैन । सबैभन्दा सस्तो ढुवानी जलमार्ग हो, जुन हामीकहाँ सम्भव छैन । सबैभन्दा सामान महँगो हुने हवाईभाडाका कारण हो, कर्णालीमा चामल र नुनको मूल्य कति छ यसबाटै स्पष्ट हुन्छ ।

भनिन्छ, 'सिप'बाट ढुवानी गर्नुभन्दा भूसतहको यातायातबाट हुने खर्च १० गुणा बढी पर्छ । नेपालमा कुल आयमा करको हिस्सा औसत २० प्रतिशत छ, अन्य देशहरूमा यो दर न्यून छ । छिमेकी भारतमै जम्मा १२ प्रतिशत हुनु, अर्को छिमेकी चीनमा अझ कम ९ प्रतिशत मात्र हुनु र अर्को छिमेकी बंगलादेशमा अझ कम ८ प्रतिशत मात्रै हुनुले के स्पष्ट गर्छ त ? करको दर बढ्नु भनेको लागत बढ्नु हो र लागत बढ्दा बजारमा प्रतिस्पर्धाको क्षमता घट्छ र सामानको गुणस्तर पनि, लगानी आकर्षण त हुन्न नै । नेतृत्वले सुशासनको सुगा रटाइ थपिरहे पनि पछिल्ला परिवेशहरूले देशमा सुशासनको अभाव नै देखिएकाले आम उपभोक्ता बजारका कारण निराश भएका छन् । यो नियम केवल वस्तु खरिदमा सीमित छैन, सेवा खरिदलगायत शिक्षा, स्वास्थ्य सबैमा लागू भएको छ र अस्पातालमा सेवा कटौती हुँदा अदालत गुहार्नुपरेको छ ।

पंक्ति तयार गरिरहँदा अदालतले १ सय ३३ वर्षअघिदेखि बिरामीलाई दिइआएको वीर अस्पतालको भात, खाजा र अत्यावश्यक अक्सिजन आपूर्ति नरोक्न अन्तरिम आदेश जारी गर्नुपरेको अवस्था छ । लामो समयदेखि सेवाको नाममा व्यापार गरिरहेको सरकारले यसै माघ १ देखि बीमामा सहभुक्तानी भनेर बिरामीमाथि कडा घन प्रहार गरेको छ । बीमा शुल्क लिएर केसपिच्छे १० प्रतिशत शुल्क लाग्ने भनेर आदेश जारी गरेको सन्दर्भमा अदालतको ढोका खोल्न कोही जाँदै होलान्, आशा गरौं । राजनीतिकर्मीहरुको सेवासुविधा थप्दै जाने तर आम गरिब निरीह नागरिकमाथि करको दर, शुल्क बढाउँदै जाँदा सरकारमाथि गम्भीर प्रश्न खडा भइसकेको छ र जताततै निषेधाज्ञा जारी गर्नुपरेको छ । सडकमा जनता रोक्न, लोकतन्त्रमा मुख बन्द गराउने यत्न, प्रयत्न सबैतिरबाट भएको अवस्था छ र कतिले त तातो गोली निलेर रामनाम सत्य पनि गरे ।

विश्व बैंकको एक अध्ययन, बिजनेस रिपोर्टले भनेको छ, विश्वका उत्कृष्ट कर प्रणाली भएका देशमा वर्षमा दुई-तीनपल्ट मात्रै ५० घण्टा समय लगाएर नागरिकले राज्यलाई कर तिर्छन्, दक्षिण एसियाका अन्य देशहरूमा जम्मा २६ पल्ट मात्रै २ सय ७३ घण्टा समय लगाएर नागरिकले कर बुझाउँछन् तर नेपालमा औसत वर्षको ४६ पल्ट ३ सय ७७ घण्टा लगाएर कर तिर्नुपर्छ । उत्पादन लागत बढ्नुमा नेतृत्व आफैं दोषी छ हाम्रो, पूर्वाधारहरु नाममात्रका छन्, सबैजसो पूर्वाधार उद्घाटनमा सीमित छन्, धरहरा अझै सञ्चालनमा छैन, उद्घाटन भएको कति वर्ष बित्यो, मेलम्चीमा उद्घाटनको लहर छ, धेरै औद्योगिक ग्राम उद्घाटन भए, अस्पतालहरू पनि, तर सञ्चालनमा आउन सकेका छैनन् ।

समय थप गर्नु भनेको लागत बढ्नु नै हो, सेवा नपाउनु नै हो । त्यति मात्र होइन, राजस्व संकलन लागत पनि बढेकै छ । विगत वर्षमा प्रति १ हजार राजस्व संकलनमा २.२३ रुपैयाँ लागत खर्च लागेको थियो भने अघिल्लो वर्ष ५२ प्रतिशतले वृद्धि भई ३.२८ रुपैयाँ परल मोल लागेको देखिन्छ । सरकारी नीति दक्ष जनशक्ति तयार गर्दै जाने, सूचना र प्रविधिमा उन्नत हुँदै जाने र लागत खर्च घटाउँदै जाने हो । तर, यसरी लागत वृद्धि हुनु भनेको भनाइ र गराइमा भिन्नता देखिएन र ? नीति छ– मन्त्रालय घटाउने, तर गठजोड र सत्ता धराप पर्ला भन्दै भागशान्तिका लागि संयन्त्र थप्दै जाने जस्तै भएन र ?

सरकारले बजेटको मध्यावधि समीक्षा गरेको छ, पुस मसान्तसम्मका सूचकहरू आइरहेका छन् । सरकारी बजेट हो, आयभन्दा व्यय त बढी हुने नै भयो, तर अप्रत्याशित छ । ६ महिनामा ४८ अर्ब ४६ करोड ५७ लाख घाटामा छ भन्छ मलेनिका । वार्षिकमा यो घट्ने होइन, बढ्ने नै हो । राजस्व लक्ष्य १४ खर्ब ७२ अर्ब ४८ करोड ५७ लाखमा ३५.१९ प्रतिशत भनौं ५ खर्ब १८ अर्ब १५ करोड ५६ लाख प्राप्त भएको छ । यसमा कर राजस्व ३३.९८ प्रतिशत र गैरकर राजस्व ४५.२३ प्रतिशत रहेको देखिन्छ ।

वैदेशिक अनुदानमा केवल ५ प्रतिशत उपलब्धि छ, २ अर्ब ७५ करोड ८० लाखको । विगत पाँच महिनामा विदेशी लगानी ४ अर्ब मात्रै छ । चालु खर्च ३८.३१ प्रतिशत खर्च हुँदा पुँजीगत खर्च १६.३ प्रतिशत भनिएको छ, वित्तीय व्यवस्थापनमा २६.२ प्रतिशत छ । पुँजीगत खर्च नहुनु भनेको देशमा रोजगारी नहुनु हो । भन्सार आय भने यथेष्ट वृद्धि भएको छ । विदेशबाट जुन वस्तु बढी आयात गरिन्छ, त्यसैमा मूल्य वृद्धि गरिएको छ । आयात बढ्नु र वस्तुको मोल बढ्नु अनि भन्सार दर बढ्नु भनेको भन्सार आय बढ्नु हो । गत वर्ष पहिलो ६ महिनाको भन्सार राजस्व १ अर्ब ८८ अर्ब १६ करोड रहेको भन्सार विभागको आँकडा छ । यस वर्ष यो अवधिमा ११ अर्ब ९३ करोडले भन्सार राजस्व बढेर २ खर्ब ९ अर्ब पुगेको छ र यसै आधारमा सरकार भन्छ– अर्थतन्त्र सुधारमा छ, यो भद्दा मजाक हो । अर्थतन्त्रमा सुधार हुने छाँट नै देखिएको छैन । एनसेलमा राजनीति नघुम्ने हो भने, डेडिकेटेड फिडर लाइनहरुमा राजनीति नमडारिने हो भने अर्थतन्त्र सुधार हुन सक्ला बरु । आफैं आदेश दिने बत्तीको लाइन काट्न, अनि भएभरका रकम असुल गर्न सक्ने कानुन, नियमहरु हुँदाहुँदै आयोग बनाइदिएर अल्झाउने, अनि आफैं लाइन जोड्देऊ भन्ने आदेश कसले जारी गरेको ? आम निरीह उपभोक्तालाई मात्रै कानुन लाग्ने हो र ?

गत वर्ष डिजेल आयातबाट २३ अर्ब २४ करोड भन्सार राजस्व असुल गर्दा अहिले ६ महिनामै २५ अर्ब २८ करोड उठ्नु, पेट्रोलबाट १८ अर्ब २७ करोड आय हुँदा अहिले ६ महिनामै १९ अर्ब ४४ करोड उठाउनु, एलपी ग्याँसबाट ५ अर्ब २६ करोड भन्सार असुल्दा अहिले यति समयैमा ४ अर्ब ७५ करोड असुल्नु, मोबाइल टेलिफोनबाट २ अर्ब ६३ करोड उठाउँदा अहिले नै २ अर्ब ९२ करोड उठाउनु, यिनै हुन् त सकारात्मक सूचक, उल्टो चक्र भएन र यो ? केही विद्युतीय सवारी साधन प्रयोग हुन थाल्दा भन्सार कर अघिल्लो वर्ष १ अर्ब १९ करोड रकम उठ्दा अहिले ५ अर्ब ७९ करोड उठाउनु, यिनै हन् त सकारात्मक सूचक ? आफैंले उत्पादन गर्न सक्ने तयारी कपडामा गत वर्ष भन्सार राजस्व ४ अर्ब ५३ करोड उठाउँदा सरकारले यसपालि छोटै यो अवधिमा ६ अर्ब ५० करोड भन्सार राजस्व उठाएको छ भने जिप, कार भ्यानमा गत वर्ष ३ अर्ब २३ करोड भन्सार उठाउँदा अहिले ७ अर्ब ५४ करोड उठाएको छ ।

यी त प्रतिनिधि केसहरू मात्र हुन्, अरू धेरै छन् र हातमुख जोर्ने चामल, गहुँ, आटा, सुजी, दाललगायतका दैनिक उपभोग्य सामान, जुन देशमै उत्पादन गरी आत्मनिर्भर हुनुपर्ने थियो, तमाम वस्तु आयात गरेर सरकारले आफ्नो दुनो सोझ्याउनैका लागि भन्सार रकममा वृद्धि गरेको छ । देशमा प्रतिभा पलायन छ, रोजगारी छैन, भएका उद्योग कलकारखाना बन्द छन्, बिक्रीमा गए । विगत लामो समयदेखि नेतृत्वले व्यापार गरेर आमजनतालाई दिनपरदिन गरिब बनाउँदै छ, टिकिसक्नु नभएरै त दिनदिनै नेपालीहरू परदेसिने क्रम बढेको छ र यो पुसमा मात्रै पनि बिदेसिने नेपाली कामदारको संख्या ६६ हजार पुगेको छ । धानको उत्पादन बढेको तथ्यांक आइरहँदा अहिले मूल्य घट्नुपर्नेमा झन् बढेको छ, तथ्यांकलाई मिथ्यांक भन्दा के हुन्छ ? सरकार अभिभावक हो कि बिचौलिया व्यापारी, कसरी विश्लेषण गर्ने त अब ? *(स्रोत: कारोबारदैनिक)*

## राष्ट्रपति रनिङ शिल्डको...

२-० को सोझो सेटले हराउँदै भीमफेदी फाइनलमा प्रवेश गरेको थियो भने थाहा नगरपालिकालाई २-० को सोझो सेटले हराउँदै हेटौंडा उपमहानगरपालिका फाइनलमा प्रवेश गरेको थियो । महिलातर्फको सर्वोकृष्ट खेलाडी जिया स्याङ्तान घोषित भएकी छिन् । भलिबल प्रतियोगितामा पुरुषतर्फ १० वटा र महिलातर्फ ६ टिमको सहभागिता रहेको थियो ।

यस्तै, हुप्रचौरमा सम्पन्न भएको पुरुषतर्फको कबड्डी प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाले जितेको छ । थाहा नगरपालिकालाई हराउँदै हेटौंडा उपमहानगरपालिकाले उपाधि जितेको हो । पुरुषतर्फ आइतबार सम्पन्न भएको सेमिफाइनल खेलमा बागमती गाउँपालिकालाई हराउँदै थाहा नगरपालिका फाइनलमा प्रवेश गरेको थियो भने बकैया गाउँपालिकालाई पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो ।

महिलातर्फको कबड्डी प्रतियोगिताको उपाधि थाहा नगरपालिकाले जितेको छ । बागमती गाउँपालिकालाई पराजित गर्दै थाहा नगरपालिकाले उपाधि जितेको । आइतबार नै सम्पन्न भएको सेमिफाइनल खेलमा हेटौंडा उपमहानगरपालिकालाई पराजित गर्दै बागमती फाइनलमा प्रवेश गरेको थियो ।

एथ्लेटिक्स प्रतियोगिताअन्तर्गत् पुरुषतर्फको हाइजम्पमा बागमती गाउँपालिकाका आगमन राई प्रथम, कैलाश गाउँपालिकाका नवराज मोक्तान द्वितीय र हेटौंडाका अभिनन्द चौधरी तृतीय भएका छन् । महिलातर्फ कैलाश गाउँपालिकाकी गोमा बतौंला प्रथम, भीमफेदी गाउँपालिकाकी सञ्जु गोले द्वितीय र कैलाश गाउँपालिकाकी कृष्टिना बानियाँ तृतीय भएकी छिन् ।

पुरुषतर्फको ट्रिपल जम्पमा बकैया गाउँपालिकाका पाण्डव राई प्रथम, हेटौंडा उपमहानगरपालिकाका जिकेश सापकोटा द्वितीय र बकैया गाउँपालिकाका सुदीप राई तृतीय भएका छन् । महिलातर्फको ट्रिपल जम्पमा भीमफेदी गाउँपालिकाकी सपना घिसिङ प्रथम, थाहा नगरपालिकाकी बिनिता बलामी द्वितीय र थाहा नगर पालिकाकै प्रिया खत्री तृतीय भएकी छिन् । महिलातर्फको लङजम्पमा थाहा नगरपालिकाकी दीना गोपाली प्रथम, थाहा नगरपालिकाकै प्रिया खत्री द्वितीय र बकैया गाउँपालिकाकी सुजिना वाईबा तृतीय भएकी छिन् । पुरुषतर्फ लङजम्पमा हेटौंडाका सुविन भोलन प्रथम, कैलाश गाउँपालिकाका सुजन जिम्बा द्वितीय र बकैया गाउँपालिकाका पाण्डव राई तृतीय भएका छन् ।

महिलातर्फको सटपुटमा इन्द्रसरोवर गाउँपालिकाकी सुस्मिता पहरी प्रथम, इन्द्रसरोव गाउँपालिकाकै आकृति दर्लामी द्वितीय र मनहरी गाउँपालिकाकी शर्मिला बल तृतीय भएकी छिन् । पुरुषतर्फको सटपुटमा हेटौंडाका सुमित प्रजा प्रथम, थाहा नगरपालिकाका शिशिर गुरुङ द्वितीय र थाहा नगरपालिकाकै आदित्य स्याङ्तान तृतीय भएका छन् ।

पुरुषतर्फको ज्याभलिङ थ्रोमा बकैया गाउँपालिकाका सुमन योञ्जन प्रथम, बागमती गाउँपालिकाका देव लोप्चन द्वितीय र थाहा नगरपालिकाका मोहन बलामी तृतीय भएका छन् । महिलातर्फको ज्याभलिङ थ्रोमा भीमफेदी गाउँपालिकाकी स्नेहा तितुङ प्रथम, इन्द्रसरोवर गाउँपालिकी अञ्जना तामाङ द्वितीय र बागमती गाउँपालिकाकी निशा माझी तृतीय भएकी छिन् ।

४ सय मिटर दौडमा पुरुषतर्फ बकैया गाउँपालिका प्रथम, हेटौंडा उपमहानगरपालिका द्वितीय र मनहरी गाउँपालिका तृतीय भएको छ । महिलातर्फ मकवानपुरगढी गाउँपालिका प्रथम, बकैया गाउँपालिका द्वितीय र भीमफेदी गाउँपालिका तृतीय भएको छ । १ हजार ६ सय मिटरको रिले दौडमा पुरुषतर्फ बकैया गाउँपालिका प्रथम, बागमती गाउँपालिका द्वितीय र हेटौंडा उपमहानगर पालिका तृतीय भएको छ । महिलातर्फको खेलमा बकैया गाउँपालिका प्रथम, मकवानपुरगढी गाउँपालिका द्वितीय र थाहा नगरपालिका तृतीय भएका छन् । सय मिटर दौडमा हेटौंडाका जिकेश सापकोटा प्रथम, बकैयाका पाण्डव राई द्वितीय र हेटौंडाकै सुविन भोलन द्वितीय भएका छन । महिलातर्फ १ सय मिटर दौडमा थाहा नगरपालिकाकी डिना गोपाली प्रथम, मकवानपुरगढी गाउँपालिकाकी जेसिका तिमल्सिना द्वितीय र भीमफेदी गाउँपालिकाकी यशोदा पुडासैनी तृतीय भएकी छिन् । पुरुषतर्फको २ सय मिटर दौडमा हेटौंडाका जिकेश सापकोटा प्रथम, हेटौंडाकै सुविन भोलन द्वितीय र बकैयाका सुजन भोलन तृतीय भएका छन् । महिलातर्फको २ सय मिटर दौडमा डिना गोपाली प्रथम, आकृति गोपाली द्वितीय र मन्दिरा घिमिरे तृतीय भएकी छिन् ।

पुरस्कार वितरण कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्गी, कार्यालय प्रमुख माधव कोइराला, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईं, हेटौंडा उपमहानगरपालिका १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने, ११ नम्बर वडा अध्यक्ष जुना दहाललगायतको उपस्थिति रहेको थियो ।

# लागूऔषध अफिमसहित लामा पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध अफिमसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-१९, नेवारपानी बस्ने २७ वर्षीय बिशुराज लामा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । शनिबार साँझ ६ बजेको समयमा जिल्ला प्रहरी कार्यालय, मकवानपुरबाट खटिएको प्रहरी टोलीले सुरक्षा जाँच गर्ने क्रममा लामाको घरमा सुत्ने ओछ्यानबाट प्रहरीले अफिम फेला पारेको हो । प्रहरीले लामा सुत्ने डस्ना मुनी लुकाईछिपाई राखेको अवस्थामा १२५ ग्राम लागूऔषध अफिमजस्तो कालो गिलो पदार्थ फेला पारेको हो । लागूऔषध अफिमसहित लामालाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# गाँजासहित राउत पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित सिरहा जिल्लाका रामसागर राउत पक्राउ परेका छन् । मकवानपुर प्रहरीले आइतबार बिहान ८ बजेको समयमा राउतलाई हेटौंडा-१५, रातोमाटेबाट पक्राउ गरेको हो ।

नारायणघाटबाट धरानतर्फ जाँदै गरेको को १ ख ७९१४ नम्बरको यात्रुवाहक बसलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा बसमा सवार ४२ वर्षीय राउतको साथबाट ५ किलो २ सय ग्राम लागुऔषध गाँजा बरामद भएको मकवानपुर प्रहरीले जनाएको छ । राउतलाई हिरासतमै राखेर अनुसन्धान गर्न प्रहरीले मकवानपुर जिल्ला अदालतबाट १२ दिनको म्याद अनुमति पाएको छ ।

# स्टेशनरी व्यवसायी रिमाल, थापा र खनाल प्रदेश समितिमा

समाज संवाददाता

हेटौंडाः पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ बागमती प्रदेशको अधिवेशन शनिबार धादिङमा सम्पन्न भएको छ । शुक्रबार र शनिबार दुइदिन सञ्चालन भएको महासंघको तेस्रो अधिवेशनले भक्तपुरका विश्वराम त्वयनाको अध्यक्षतामा १७ सदस्यीय प्रदेश समिति सर्वसम्मत चयन गरेको छ ।

समितिमा मकवानपुरका विज्ञान रिमाल सदस्य चयन हुनुभएको छ भने लेखा समिति संयोजकमा मकवानपुरका अजित थापा र लेखासमिति सदस्यमा रोशन खनाल निर्वाचित हुनुभएको छ । रिमाल र थापा पुस्तक तथा स्टेशनरी व्यवसायी संघ मकवानपुरका पूर्वअध्यक्ष हुनुहुन्छ भने खनाल पुस्तक तथा स्टेशनरी व्यवसायी संघ मकवानपुरको वर्तमान कार्यसमितिमा सदस्य हुनुहुन्छ ।

नवनिर्वाचित प्रदेश समितिको कार्यकाल दुइ वर्षको हुनेछ । शुक्रबार महासंघको प्रदेश समितिका अध्यक्ष नारायण श्रेष्ठको अध्यक्षता तथा प्रतिनिधि सभा सदस्य रामनाथ अधिकारीको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो । उद्घाटन कार्यक्रममा महासंघका अध्यक्ष सञ्जय चौधरीको पनि आतिथ्य रहेको थियो ।

# वडास्तरीय वक्तृत्वकलामा अजेस प्रथम




समाज संवाददाता

हेटौंडाः "बालश्रम, बालशोषण र हिंसा अन्त्य गर्न बालबालिकाको भूमिका" विषयक वक्तृत्वकलामा असेज अधिकारी प्रथम हुनुभएको छ । हेटौंडा उपमहानगर पालिका ११ नम्बर वडास्तरीय बाल समूह सञ्जालको आयोजना तथा वडा कार्यालय र सहिद स्मारक विकास समितिको समन्वयमा आइतबार आयोजित सहिद सप्ताह अन्तर्गत भएको प्रतियोगितामा अधिकारी प्रथम हुनुभएको हो ।

प्रतियोगितामा आँचल सुवेदी द्वितीय, सायना सपकोटा तृतीय र सृष्टि उप्रेती सान्त्वना भएका छन् । सबैले क्रमशः ५ हजार, ३ हजार र तेस्रो र सान्त्वनाले २-२ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा वडाभित्रका २५ जना बालबालिकाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुलाई स्मारक विकास समितिका सचिव रघुनाथ खुलालले पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभयो ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत आज सोमबार साँस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण र शिक्षक खुल्ला दौड प्रतियोगिता हुनेछ । यस्तै अन्तिम दिन भोलि मंगलबार प्रभातफेरी, सहिदप्रति सलामी, श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार वितरण, प्रवचन तथा समापन कार्यक्रम हुने सहिद स्मारक विकास समितिका सचिव खुलालले जानकारी दिनुभयो ।



## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं । **सम्पादक ।**

# बालजागृतिका विद्यार्थीको आवाज

## पारिजात



आश्रिका न्यौपाने

नेपाली साहित्यिक आकाशमा चम्किएकी तारा,
हामी माझ नरहे पनि उदाइरहने छिन युगयुग सारा ।।

बहुमुखी प्रतिभाशाली संघर्षशील नारी,
अन्तरमुखी, संवेदनशील, कोमल हृदयकी ।।

पारिजात फूल जस्तै सुवास छर्दै-छर्दै,
साहित्यको माध्यमले समाज सेवा गर्दै ।।

अघि बढ्ने दृढ इच्छा संकल्पका साथमा,
उतार-चढाव पार गर्दै खटिइन् दिन रातमा ।।

कथा, कविता, निबन्ध संग्रह साथै आत्मवृत्तान्त,
उपन्यासका ठेलीसँगै भएकयौं कृति जीवन्त-जीवन्त ।।

चर्चित कृति उपन्यास शिरिसको फूल,
बिजेताभै बाइस सालको मदन पुरस्कार ।।

कयौं इच्छा चाहनालाई पूरा गर्न नपाई,
धर्तीबाटै बिदा भइन् आँशु लुकाई-लुकाई ।।

*कक्षा-७, अन्नपूर्ण*

## बुबा



इश्विता आचार्य

बुबा जहिले ताते-ताते भनी हिँड्न सिकाउँथ्यौ
आमाले गाली गर्दा नरोउ-नरोउ भनी हातले थुम्थुम्याउँथ्यौ
राम्रो काम गर्दा तिमी स्याबास सधैं भन्थ्यौ
गल्ती गर्दा कहिले फेरि नगर है भन्थ्यौ ।

बुबा असल छन् है मेरो म नि धेरै ज्ञानी
त्यसैले सबैले मलाई हेर्छन् बुबाको छोरी भनी
अरुले मलाई नराम्रो भने तिमी नराम्रो मान्छौ
अरुको कुरा नसुन आफूमा विश्वास राख भन्छौ ।

तिमी नै हौ मेरो सुख-दुखमा साथ दिने
मलाई केही भयो भने ज्यान पनि दिन तयार हुने
केही नराम्रो गर्दा खेरी झनक्क तिमी रिसाउँछौ
फेरि पछि मायाले छोरी भन्दै बोलाउँछौ ।

अरुको अगाडि शीर नझुकाउनु भनी सिकाउँछौ
जहिले राम्रो बाटो हिँड है भनी बाटो तिमी देखाउँछौ
धन्यवाद ईश्वरलाई यति माया गर्ने बुबा दियौ
तिमीले नै धेरै माया गरी भोटो पनि सियौ ।

भाग्य मानी ठान्छु आफुले आफैंलाई
एकदिन वाचा पूरा गरेर देखाउँछु तिमीलाई ।

*कक्षा-७, (धौलागिरी)*

## पुतली




आर्शु श्रेष्ठ

पुतली ओ पुतली
मेरी सानी पुतली
उड्छ है आकाशमा
सौन्दर्यको ज्योति छोडी

फुलहरु धेरै फुल्दा
हुन्छ खुसी पुतली
फुलहरुको रस खाई
नाच्छे मेरी पुतली


रङले मोहित पार्ने
मेरी सानी पुतली
आफ्नो स्वरुप देखाई
अरुलाई खुसी बनाउने
मेरी सानी पुतली

*कक्षा-७ (अन्नपूर्ण)*






गरिमा घिताल
कक्षा-४



सुमित साह
कक्षा-७, धौलागिरी

# सुधारका काम गर्छौं: प्रदेश प्रहरी प्रमुख केसी



पत्रकार सम्मेलनमा प्रहरी नायव महानिरीक्षक केसी ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) विष्णुकुमार केसीले पत्रकार भेटघाट गर्नुभएको छ । आइतबार बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा डीआईजी केसीले आफूले जिम्मेवारी लिएपश्चात् पत्रकारहरुसँग पहिलो पटक भेटघाट गर्नुभएको हो ।

बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जमा सरुवा हुनुभएसँगै डीआईजी केसी बागमती प्रदेशमा आउनुभएको हो । नेपाल सरकारको मन्त्रिपरिषद्को पुस २४ गते बसेको बैठकको निर्णयले नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण तथा विकास निर्देशनालयबाट सरूवा भई केसी बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा आउनुभएको हो ।

पत्रकार भेटघाट कार्यक्रममा पत्रकारहरुले प्रहरीले गर्नुपर्ने कार्यको बारेमा प्रमुख केसीलाई जानकारी गराउनुभएको थियो । भेटघाटका क्रममा मकवानपुरका वरिष्ठ पत्रकार प्रताप विष्टले प्रदेश प्रहरीले सूचना छिटो-छरितो पत्रकारलाई जानकारी गराउनुपर्नेमा जोड दिनुभयो । मकवानपुरमा लागूऔषध गाँजा, अफिम खेती र ओसार पसार धेरै भई लागूऔषध संक्रमणकालको अवस्थामा पुगेको पत्रकार विष्टले बताउनुभयो । पछिल्लो समय सामाजिक सञ्जालको माध्यमबाट विकृति फैलिएकाले नियन्त्रणमा प्रहरीले ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा सञ्चारकर्मीहरुले मकवानपुरमा अवैध खोलानाला उत्खनन् भइरहेको अवस्थामा प्रहरीले वास्ता नगरेको बताएका थिए । हेटौंडामा भएका सिमेन्ट उद्योगमा चुनढुङ्गा बोक्ने टिपरले ओभर लोड बोक्ने तर प्रहरीले त्यसमा कुनै कार बाही नगरेको जानकारी गराएका थिए । ट्राफिक प्रहरीले कतिपय स्थानमा जनतालाई अनावश्यक दुःख दिने, नराम्रो व्यवहार गर्ने कार्य भइरहेको पत्रकारहरुले गुनासो गरेका छन् ।

कार्यक्रममा प्रदेश प्रहरी प्रमुख केसीले प्रहरीले चुहावट कम गरी १५ प्रतिशत आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको बताउनुभयो । उहाँले बजारमा ट्राफिक व्यवस्थापन, शान्तिसुरक्षा कायम गर्न तत्पर रहेको बताउँदै सुधारका पक्षमा काम गर्दै जाने बताउनुभएको छ ।

# भूटनदेवी र अमर माविले एसईईको तयारी गर्दै

समाज संवाददाता

हेटौंडाः चैत १५ गतेबाट सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसईई)का लागि हेटौंडाका विभिन्न विद्यालयहरुले तयारी गरिरहेका छन् । हेटौंडाको भूटनदेवी मावि र अमर माविले एसईई परीक्षाको लागि अन्तिम तयारी गरिरहेका छन् ।

हेटौंडा-४ स्थित भूटनदेवी माविका २ सय ४५ जना विद्यार्थीले एसईई परीक्षा दिने भएका छन् । एसईई आउन अब दुई महिना बाँकी हुँदा कक्षा-१० का विद्यार्थीहरुले परीक्षाको लागि तयारी गर्दैछन् । विद्यार्थीहरुले राम्रो नतिजाका लागि समयमा विद्यालय आउने, आफूले नबुझेका कुराहरु शिक्षकसँग सोध्ने, कक्षामा छलफल गर्ने गरेको विद्यालयका सहायक प्रधानाध्यापक भरत पोखेलले जानकारी दिनुभयो ।

गतवर्ष ९० प्रतिशत विद्यार्थीहरुले उत्कृष्ट अंक ल्याएका थिए भने विद्यालयले यसवर्ष एसईईमा शत प्रतिशत नै राम्रो अंक ल्याउने लक्ष्य बनाएको उहाँको भनाइ छ । विद्यार्थीहरुले नबुझेको कुरा सिकुन् भन्ने उद्देश्यले विद्यालयले प्रत्येक हप्ताको शनिबार परीक्षा लिने गरेको पोखेलले बताउनुभयो ।

विद्यालयले विभिन्न विषयको समूह विभाजन गरेर विद्यार्थीलाई सहज तरिकाले पढ्न प्रेरित गरिरहेको छ । भूटनदेवी माविमा अध्यनरत कक्षा-१० की छात्रा सर्वज्ञा बजगाईका अनुसार विद्यालयले खाली कक्षामा जटिल विषयका शिक्षकलाई पढाउन पठाउने गरेको छ भने एसईईको राम्रो तयारी गरिरहेको छ । कक्षा-१० की कुसुम स्याङ्तानले नबुझेको कुरा शिक्षक र साथीहरुलाई सोधेर सिक्ने गरिरहेकी जानकारी दिनुभयो । गाह्रो लागेको विषयलाई मध्यनजर गरी अध्ययन गरिरहेको उहाँको भनाइ छ ।

यसैगरी, हेटौंडा-१ स्थित अमर माविमा ५९ जनाले एसईई दिने भएका छन् । विद्यालयले विभिन्न क्रियाकलाप गरी विद्यार्थीलाई पढ्न प्रेरित गरिरहेको विद्यालयका सहायक प्रधानाध्यापक डीबी बर्तौलाले बताउनुभयो । बर्तौलाका अनुसार विद्यालयले परीक्षाका लागि आन्तरिक क्रियाकलाप र नआउने विद्यार्थीका लागि घरदैलो कार्यक्रम गर्ने गरेको छ । गत वर्ष ४९ जना विद्यार्थीले एसईई परीक्षामा सहभागिता जनाएका थिए भने सबै विद्यार्थीले राम्रो अंक ल्याई पास भएका थिए ।

विद्यालयले पहिलाको नतिजाजस्तै नतिजा ल्याउन तयारी गरिरहेको सहायक प्रधानाध्यापक बर्तौलाले बताउनुभयो । विद्यालयमा शिक्षकहरुले एसईईमा राम्रो नतिजा ल्याउनका लागि राम्रोसँग पढाउँदै आएको उहाँको भनाइ छ । गाह्रो विषयलाई धेरै ध्यान दिएर आफूले पनि पढ्दै आएको अमर माविमा अध्ययनरत विद्यार्थी पारस अधिकारीले बताए ।

# बस्तीपुर जेसीजमा पाठक पदस्थापित



वर्ष २०२४ का अध्यक्ष अमृत पाठक (बायाँ) लाई सपथ गराउनुहुँदै वर्ष २०२३ का अध्यक्ष प्रेमबहादुर गोङ्बा (दायाँ) ।

समाज संवाददाता

हेटौंडाः बस्तीपुर जेसीज हाँडीखोलाको अध्यक्षमा अमृत पाठक पदस्थापित हुनुभएको छ । हेटौंडा-१९, बस्तीपुरस्थित बस्तीपुर जेसीजको सभाहलमा शनिबार आयोजित कार्यक्रममा वर्ष २०२३ का अध्यक्ष प्रेम बहादुर गोङ्बाले वर्ष २०२४ का लागि निर्वाचित अमृत पाठकलाई पद हस्तान्तरण गर्नुभएसँगै पाठकलाई अध्यक्षमा पदस्थापित गरिएको हो ।

बस्तीपुर जेसीजको अध्यक्षमा पाठकसहित कार्यकारिणी उपाध्यक्षमा हरेराम हटुवाल (निर्मल) र सञ्जोग उप्रेती र उपाध्यक्षमा लोक लामा मोक्तान, रविन लामा, सोवित वाईबा र दिनेश चौलागाई सर्वसम्मत निर्वाचित हुनुभएको थियो । प्रतिनिधि सभा सदस्य दीपक बहादुर सिंहको प्रमुख आतिथ्यमा भएको पदस्थापन कार्यक्रममा अध्यक्ष पाठकले महासचिवमा सुरज बर्तौला, कोषाध्यक्षमा सन्देश पण्डित, कानुनी सल्लाहकारमा सन्दिप पाठकसहित सदस्यहरुलाई विभिन्न जिम्मेवारी दिनुभएको छ । पदस्थापनपछि अध्यक्ष पाठकले आफ्नो कार्यकालमा गरिब तथा विपन्न विद्यार्थीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गर्ने बताउनु भयो ।

बस्तीपुर जेसीजले यस वर्षको समाजसेवी पुरस्कार ॐ बृद्धाश्रयका अध्यक्ष सिद्धिलाल श्रेष्ठ र "स्वर्गीय उदय सिंह पाठक पत्रकारिता पुरस्कार" पत्रकार रुपक कालिराजलाई प्रदान गरेको छ । श्रेष्ठ र कालिराजलाई जनही सात हजार दुइ सय दुइ रुपैयाँ नगदसहित दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेती, नेपाल जेसीजका महासचिव सरोज अधिकारीको पनि आतिथ्य रहेको थियो ।

# दुई जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक र काभ्रे जिल्लामा दुई जनाको मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार शनिबार सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका-७ गोरेपुलमा एकजना मृत फेला परेका छन् । मृत फेला पर्नेमा सिन्धुलीका ५५ वर्षीय महेन्द्र बस्नेत रहेको प्रहरीले जनाएको छ । मृतक बस्नेत १२ वर्षदेखि उक्त स्थानमा ज्यामी काम गर्दै आइरहेको जनाएको छ । यस्तै काभ्रेको पनौति नगरपालिका-५ सुन्दरबस्तीमा एकजना घरमै मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा सोही ठाउँका ३४ वर्षीय दीपक खत्री रहेको प्रहरीले जनाएको छ ।

# हेटौंडाका सञ्जीव पुलिस क्लबमा आवद्ध

समाज संवाददाता

हेटौंडाः हेटौंडाका सञ्जीव अर्याल विभागीय टोली नेपाल पुलिस क्लबमा आवद्ध भएका छन् । हेटौंडा-५, शान्तिनगर का अर्यालले गएको माघ २ गतेदेखि नेपाल पुलिसबाट व्यावसायिक फुटबल खेल्ने सम्झौता गर्नुभएको हो । अर्यालले अहिले आफुले यो सिजनमा विभिन्न प्रतियोगिता खेल्नका लागि क्लबसँग सम्झौता गरेको र बाँकी पछि थप गरिने बताउनुभयो ।

१७ वर्ष उमेर समूहको राष्ट्रिय टिमबाट खेलिसक्नु भएका अर्यालले २०७५ सालमा मछिन्द्र क्लबबाट "ए" डिभिजन लिगमा डेब्यु गर्नुभएको थियो । २०७८ सालमा ए डिभिजन क्लब एनआरटीमा आवद्ध हुनुभएका अर्यालले डिफेन्डिङ पोजिसनमा खेल्नुहुन्छ । अर्यालले हेटौंडा फुटबल एकेडेमीबाट पनि करिब ६ वर्षदेखि खेल्दै आउनुभएको थियो । पिप्ले क्लबबाट फुटबल प्रशिक्षण लिन सुरु गर्नुभएका अर्यालले हेटौंडा फुटबल एकेडेमीको कप्तानी समेत गर्नुभएको छ ।

## विद्यालयस्तरीय टि-२० क्रिकेट प्रतियोगितासम्बन्धी सूचना

यस मकवानपुर क्रिकेट संघको आयोजनामा हुन गइरहेको स्व. निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय टि-२० क्रिकेट प्रतियोगितामा सहभागिताका लागि जिल्लाभरका सामुदायिक तथा निजी विद्यालयहरुलाई सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रतियोगितामा बढीमा १६ टिम मात्रै सहभागी गराइने हुँदा छिटो टिम दर्ता गराउनु हुन समेत जानकारी गराइन्छ ।

**टिम दर्ता गर्ने अन्तिम मिति**: २०८० माघ १९ गते ।
**टिम दर्ता शूल्क**: ५,०००/-
**सम्पर्क**: सञ्जोग पोखरेल (९८६९६७६५७७)

**आयोजक**
**मकवानपुर क्रिकेट संघ**
**हेटौंडा, मकवानपुर**

## सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँचवर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं । मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको बिवाह, बहुविवाह, गर्नु गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं । भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं ।

**प्रदेश सरकार**
**बागमती प्रदेश**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**हेटौंडा, मकवानपुर**

## हार्दिक आभार



मकवानपुर जिल्ला साइक्लिङ संघको शनिबार सम्पन्न अधिवेशनबाट मलाई दोस्रो कार्यकालका लागि अध्यक्षमा तथा कार्यसमिति सर्वसम्मत चयन गरेर सहयोग गर्नुहुने सम्पूर्ण सदस्य ज्यूहरु, पूर्वपदाधिकारी, साइकलप्रेमीसहित सम्पूर्ण शुभचिन्तकरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

**संगीत श्रेष्ठ, अध्यक्ष**
**मकवानपुर जिल्ला साइक्लिङ संघ**
**हेटौंडा, मकवानपुर**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।
- वाकवाकी लाग्नु वा बान्ता हुनु ।

**नरनाथ सुवेदी**
**वडा अध्यक्ष तथा**
**१९ नम्बर वडा कार्यालय परिवार**
**हेटौंडा उपमहानगरपालिका**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ